आज मिति २०७५ साल माघ २३ गते बुधबारका दिन यस गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जन ज्यूको अध्यक्षतामा गोदावरी नगरपालिका वृहत सरसफाई २०७५ सम्बन्धी अभियानमा विभिन्न संघ संस्थाहरुको र सरोकारवाला प्रतिनिधिहरु उपस्थितिमा बैठक बसि छलफल गरियो ।

## निर्णयहरू

१. यही २०७५ माघ २६ गतेका दिन हुने सरसफाई महा अभियान अन्तर्गत नगरपालिका सरसफाई नगर प्रमुखज्यूको संयोजकत्वमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, संघ-संस्था, महानुभावहरू ठिक बिहान ७:३० बजे टाखेल चौतारो हुँदै बज्रवाराहीसम्म सरसफाई र नगर उपप्रमुखज्यूको संयोजकत्वमा टौखेलबाट ग्वालीनदह हुँदै पुलसम्म सरसफाई कार्यक्रम गर्ने निर्णय गरियो ।

२. उपस्थित संघ-संस्थाबाट छलफल हुँदा देहाय बमोजिमको संघ-संस्थाबाट सहयोग गर्ने निर्णय गरियो ।

(क) लेले सामुदायिक विकास संस्था : १००० थान माक्स

(ख) नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा ललितपुर : ५०० थान पन्जा

(ग) रिकोड नेपाल : ५०० थान पन्जा

(घ) इसिमोड नजेल पार्क : पन्जा, माक्स, बोरा

(ङ) सिर्जनशिल सेवा प्रा.लि. र नेप्को नेपाल प्रा.लि. : स्पिकर, फोहोर व्यवस्थापन सामाग्री तथा फोहोर व्यवस्थापन गर्ने ।

(च) गोदावरी भिलेज रिर्सोट : खानाको लागि आर्थिक सहयोग ।

(छ) नेपाल प्रहरी वृत्त चापागाउँ : प्रचार प्रसारमा सहयोग गर्ने ।

(ज) शिक्षा शाखा : सम्पूर्ण विद्यालय कलेज सहभागिताको लागि पत्राचार गर्ने निर्णय गरियो ।

३. गोदावरी नगरपालिका सरसफाई महाअभियानको नारा देहाय बमोजिमका हुने निर्णय गरियो ।

**"घर, आँगन, नदी, नाला सबै सफा राखौं ।**
**सुन्दर शहर बनाउनलाई अब हामी जागौं ।।"**